# सामुदायिक विद्यालयप्रति सरोकारवालाहरूको धारणाः मानवशास्त्रीय अध्ययन

*(भलाम गा.वि.स.को अध्ययनमा आधारित)*

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र एवं मानवशास्त्र विभाग
स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

*शोधपत्र*

*शोधार्थी*
विष्णुबहादुर खत्री
क्रमाङ्कः १२९/०६१
रजिष्ट्रेशन नं
(मानवशास्त्र)

समाजशास्त्र, मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६५

# सिफारिस पत्र

पृथ्वीनारायण क्याम्पसका छात्र विष्णुबहादुर खत्रीले समाजशास्त्र/मानवशास्त्र विषयमा स्नातकोत्तर तह दोश्रो वर्षको आशिंक परिपूर्तिका लागि भलाम गा.वि.स. वडा नं. ३ मा "सामुदायिक विद्यालयप्रति सरोकारवालाहरुको धारणा" मानवशास्त्रीय अध्ययन शीर्षक अन्तर्गत शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो र प्रस्तुत शोधपत्र लाई अन्तिम परीक्षणको लागि सिफारिस गर्दछु ।

विश्वकल्याण पराजुली (पि.एच.डी.)
शोध निरीक्षक
पृथ्वीनारायण क्याम्पस, पोखरा

# सिफारिस पत्र

पृथ्वीनारायण क्याम्पसका छात्र विष्णुबहादुर खत्रीले समाजशास्त्र/मानवशास्त्र विषयमा स्नातकोत्तर तह दोश्रो वर्षको आशिंक परिपूर्तिका लागि भलाम गा.वि.स. वडा नं. ३ मा “सामुदायिक विद्यालयप्रति सरोकारवालाहरुको धारणा” मानवशास्त्रीय अध्ययन शीर्षक अन्तर्गत शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो र प्रस्तुत शोधपत्र

# भाषासम्पादकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पसअर्न्तगत मानवशास्त्र विभागको स्नाकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनका लागि समूह २०६१-०६३ क्रमाङ्क १२९ का विद्यार्थी श्री विष्णुबहादुर खत्रीले निकै परिश्रमपूर्वक तयार पार्नुभएको सामुदायिक विद्यालयप्रति सरोकारवालाहरुको धारणाः मानवशास्त्रीय अध्ययन (भलाम गा.वि.स.को अध्ययनमा आधारित) शीर्षकको प्रस्तुत शोधपत्र भाषिक दृष्टिकोणले समेत सन्तोषजनक रहेको भेटिन्छ ।

(शोभाकान्त गौतम)
भाषासम्पादक

# कृतज्ञता-ज्ञापन

हाल मुलुकमा सामुदायिक तथा निजी गरी दुई थरी विद्यालयहरू शिक्षा प्रदायकका रूपमा क्रियाशील रहिआएका छन् । अधिकांश हुनेखानेहरूको आकर्षण समुदायिक विद्यालयको विपक्षमा रहेको अवस्था छ । शोधार्थी स्वयं समुदायिक विद्यालयको शिक्षक भएका नाताले यसतर्फ बढी चासो र चिन्ता हुनु पेशागत धर्मभित्र पर्दछ । अतः यसै सेरोफेरोमा रहेर गरिएको शोधशीर्षकको छनोटलगायत शोधक्षेत्रको चयन गरी अध्ययन गर्ने मेरो जमर्कोलाई मेरा आदरणीय गुरुज्यूहरू, अग्रजहरू, सहकर्मी/सहधर्मी साथीहरू र मेरा समस्त सुहृद शुभचिन्तकहरूबाट अनुपम सहयोग र साथ मिलेको परिमाणस्वरूप यस शोधपत्रले यो रूपाकृति पाएको हो ।

यस शोधकार्यलाई सु-व्यवस्थित गरी लक्ष्योन्मुख बनाउन आवश्यक अनुसन्धानका समग्र विधि, प्रक्रिया एवं न्यूनतम मूल्यमान्यताबाट निर्देशित रहेर, कार्यक्षेत्रमा लागिपर्न एवं शोधपत्रलाई मूर्त रूप दिन र थप विलम्ब हुनबाट रोक्नसमेत अनवरत प्रेरणा, हौसला थप्नुहुने अनन्त ऊर्जाका स्रोत, कल्याणमूर्ति श्रद्धेय गुरुवर शोधनिर्देशक एवं समाजशास्त्र/मानवशास्त्र विभागका विभागीय प्रमुख डा. विश्वकल्याण पराजुलीज्यूको उत्प्रेरणाकै प्रतिबिम्ब यस शोधपत्रमा निहित छ । अलग पहिचानका साथ यो शोधपत्र कार्यरूपमा प्रस्तुत हुनामा वहाँको अनुभवजन्य सबल, सक्षम र ओजपूर्ण निर्देशन पूर्णरूपमा कारण बनेको छ । यस निम्ति म वहाँका समीपमा मुक्तकण्ठले प्रशंसा गर्दै अन्तरात्मादेखि नै हार्दिक आभार एवं कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधकार्यको प्रारम्भ गरी अगाडि बढाउने क्रममा, ममा व्याप्त अज्ञानता, दिशाअन्योल, भ्रमनिरूपण गरी सही मार्गनिर्देशन गर्न, मानवशास्त्रीय दृष्टिले सान्दर्भिक, व्यावहारिक दृष्टिले कारगर, मौलिकताका दृष्टिले नवीन एवं उपयोगिताका दृष्टिले अर्थपूर्ण शोधपत्र तुल्याउने प्रयासमा हासिल भएका उपलब्धिहरू आदि जति पनि राम्रा पक्ष यसमा समावेश हुन सकेका छन, ती सबै शोधनिर्देशकज्यूको वरद निर्देशनको अनुवाद हो भन्ने मेरो ठम्याइ छ । यसखातिर म वहाँका समीपमा, थप आभार एवं कृतज्ञता व्यक्त नगरी रहन सक्दिन ।

अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क-सङ्कलन हेतु घरदैलो, भेटघाटका माध्ययमबाट उल्लेख्य सहयोग पुऱ्याउने मेरा पूर्वविद्यार्थी एवं सहकर्मी/सहधर्मी श्री महेन्द्र मा.वि. भलामका शिक्षक श्री मित्रबहादुर जि.सी., श्रीमती गीतादेवी

अधिकारी (देवकोटा), सीता पौडेललगायत महेन्द्र मा.वि.का लेखापाल चन्द्रप्रकाश पोखेल, महत्त्वपूर्ण तथ्याङ्क उपलब्ध गराएर सहयोग गर्ने भलाम गा.वि.स. का सचिव श्री टीकाराम लामिछानेसमेतका मित्रहरूको अनन्य सहयोगका निम्ति धन्यवाद नदिई रहन सक्दिन ।

यसै गरी शोधकार्यलाई सम्पन्न गर्ने क्रममा अनवरत रूपमा आवश्यक उत्प्रेरणा दिनुहुने मेरा आदरणीय सहोदर दाजु जनकबहादुर खत्री, प्रह्लादबहादुर खत्री, महेन्द्र मा.वि. का प्र.अ. एवं आदरणीय गुरु रेवतीविलास पौडेल, शिक्षक राजेन्द्र पौडेल, भतीज प्रदीप खत्री आदि विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

अनुसन्धानको समग्र कार्यलाई लिपिबद्ध गर्न आवश्यक कम्प्युटर टाइपिङ्ग तथा छपाइकार्यमा कुशलतापूर्वक सहयोग गर्ने क्वीक कम्प्युटर सेन्टर, पोखरा-१ बगरका प्रो. पुष्पराज पौडेल दम्पतीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । सङ्कलित प्राथमिक तथ्याङ्कहरूलाई एस.पी.एस.एस. प्रोग्रामका माध्यमबाट विश्लेषण गरी सहयोग पुऱ्याउने अनन्य मित्र श्री राजेन्द्र अधिकारी पनि धन्यवादका पात्र हुनुहुन्छ । शोधकार्यका लागि उपयुक्त समयको चाँजोपाँजो मिलाएर अनुकूलता प्रदान गरी सतत साथ दिने अर्धाङ्गिनी जौमाया, छोरी सुभद्रा, छोराहरू सुदर्शन, दिव्यदर्शन र प्रियदर्शन धन्यवादका पात्र छन् । अनुसन्धानको जग मानिने तथ्याङ्क सङ्कलनका सन्दर्भमा मेरा जिज्ञासा, प्रश्नावली बिनाकुनै झन्झट, सङ्कोच कुशलतापूर्वक प्रतिक्रिया दिई यस शोधकार्यलाई सफल बनाउन समय प्रदान गर्ने सम्पूर्ण उत्तरदाता, मुख्य सूचनादाता, समूहकेन्द्रित छलफलका सहभागीहरूप्रति असीम धन्यवाद दिन चाहन्छु ।

जाँदा-जाँदै यस शोधकार्यबाट सामुदायिक र निजी विद्यालयहरूबीच सरोकारवालाहरूको हेराइका साथै सामुदायिक विद्यालयप्रति उनिहरूको मौजुदा, उदासीन दृष्टिका पछाडि निहित कारण र त्यसको निरूपणका सम्बन्धमा प्राप्त ठोस निष्कर्ष एवं सुझाउहरूबाट सामुदायिक विद्यालयको सुधार र विकाससँग तादात्म्य सम्बन्ध राख्नुहुने समस्त तह, तप्का र पक्षको भ्रम तथा शङ्का निवारण हुनेछ । साथै यो सानो प्रयास भावी अध्येता, अनुसन्धाताहरूका लागि सहयोगी हुनेछ भन्नु धृष्टता हुनेछैन भन्ने आशा लिएको छु ।

शुभ-दीपावली २०६५

.......................

**विष्णुबहादुर खत्री**

# शोध सार

मौजुदा अवस्थामा सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक, व्यवहारिकादि रूपान्तरण शिक्षानीति र यसको कार्यन्वयनमा निहित रहने कुरामा शङ्का छैन । हाल मुलुकमा सामुदायिक र निजी गरी दुई सिराबाट शिक्षा प्रदान गर्ने परिपाटी रहेको छ । छिमेकी मुलुक भारतलगायत विश्वका अनेकन देशमा यी विद्यालयहरूको प्रभावकारितामा समानता देखिंदैन । नेपालमा पनि यसको स्पष्ट संकेत देखिएको सन्दर्भमा अध्ययनक्षेत्र, भलाम - ३, कास्कीमा "सरोकारवालाका दृष्टिमा समुदायिक विद्यालय" भन्ने शीर्षकमा गरिएको शोधकार्य निम्न विशिष्ट उद्देश्यहरूबाट निर्देशित छ :

१. सामुदायिक र निजी विद्यालयप्रतिको जनधारणाको पहिचान गर्नु ;

२. सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जानाको चुरो पत्ता लगाउनु ;

३. विद्यार्थीसङ्ख्या बढाउन आवश्यक उपायहरूको पहिचान गर्नु ;

मुख्यतया यो अध्ययन, विशुद्ध शैक्षिक उद्देश्यका लागि भएकाले स्वभाविक रूपमा यसमा निहित गहनताको परिणामस्वरूप, समय, बजेट र मानवश्रमसाधनको सीमिततालाई मध्यनजर गरिएको छ । सैध्दान्तिक दृष्टिबाट यो अध्ययन जनसहभागिता र सामाजिक रूपान्तरणका रूपमा शिक्षाको अवधारणबाट निर्देशित रहेको छ । शिक्षासँग सरोकार राख्नेहरूसँग यो अध्ययन मुखरित छ । सबैका लागि शिक्षा, सामाजिक रूपान्तरणको रूपमा शिक्षा, पूर्वअध्ययनहरूको सारसमीक्षा आदिबाट शोध विषयमा परिचित हुन र शोधविधिका बारेमा दिशाबोध गर्न सघाउ पुगेको छ ।

अन्वेषणात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग शोधशीर्षकको विशेषताका रूपमा शोधविधिअर्न्तगत समावेश गरिएको छ । यो अध्ययन क्षेत्रगत रूपमा असीमित भए तापनि औचित्य र सन्दर्भका दृष्टिले भलाम गा.वि.स. को वडा नं.३ मा सीमित गरिएको छ । अध्ययनक्षेत्र ११९ घरधुरीले युक्त भए तापनि अध्ययनसँग सम्बन्धित जम्मा ६१ घरधुरीलाई समग्र अध्ययनका रूपमा समावेश गरीएको छ । घरमुली ३८ महिला तथा २३ पुरुषहरू उत्तरदाताका रूपमा समावेश

गरीएका छन् । तथ्याङ्कसङ्कलन हेतु दुवैथरी उत्तरदाताका लागि बन्द तथा खुला चरित्रको एउटै प्रश्नावलीको प्रयोग भएको छ । यसबाट गुणात्मक तथा सङ्ख्यात्मक सथ्याङ्कहरू, प्राथमिक तथ्याङ्कका रूपमा प्राप्त भएका छन । यसका साथै अध्ययनलाई बढी विश्वसनीय बनाउन आवश्यक पर्ने थप तथ्याङ्कहरू जुटाउने क्रममा मूख्य सूचनादातासँगको अन्तर्वाता र समूह केन्द्रित छलफलको विधिलाई पनि अपनाइएको छ । सङ्कलित तथ्याङ्कहरू बढीजसो प्राथमिक प्रकृतिका भए तापनि गा.वि.स.को सहयोगमा द्वितीय प्रकृतिका तथ्याङ्कहरू पनि सङ्कलन गरीएका छन् । जुन अध्ययनको पूर्णताका लागि महत्वपूर्ण सिद्ध भएको महसुस गरिएको छ । यसप्रकार प्राप्त गुणात्मक तथ्याङ्कहरूलाई मानवीय तवरबाट विश्लेषण र विवेचना गरिएको छ । तर सङ्ख्यात्मक तथ्याङ्कहरूका हकमा एस.पी.एस.एस. कम्प्युटर पोग्रामका माध्यमबाट टेबुलेसन र विश्लेषण गरिएको छ । प्रस्तुतयोग्य तथ्याङ्कहरू तलिका, बारम्बारता, प्रतिशतका माध्ययमबाट प्रस्तुत गरिएको छ ।

## अध्ययनको निष्कर्ष

अध्ययनबाट प्राप्त महत्वपूर्ण सार कुराहरूलाई निष्कर्षका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- सामुदायिक विद्यालयहरू सरोकारवालाहरूको दृष्टिमा उपयोगी, सुलभ र पहुँचमा रहेका देखिन्छन् ;
- सामुदायिक विद्यालयहरूमा हाल देखिएको गुणस्तरह्रासको निराकरण र सुधार गर्नुपर्ने सरोकारवालाहरूको जोड रहेको छ ;
- अङ्ग्रेजी माध्ययममा पढाइ सञ्चालन गरी कम्प्युटरादि उपयोगी, व्यावहारिक शिक्षाको पठनपाठन प्रारम्भ गरिनुपर्ने देखिन्छ ;
- राजनीतिकरण, शिक्षक नियुक्तिमा नातावाद, पक्षपातजस्ता विकृतिहरू निराकरण गर्नुपर्ने देखिन्छ ।

**सुझाउहरू**

सामुदायिक विद्यालयहरूमा विद्यमान शैक्षिक गुणस्तरह्रासको निराकरण र सुधारहेतु निम्नानुसारका बुँदाहरूलाई सुझाउको रूपमा प्रस्तुत गरिएको छ :

- पठ्नपाठनको माध्यम भाषा एउटै हुनुपर्ने ;
- दुईथरी विद्यालयीय शिक्षापद्धति खारेज गरी एकरूपता ल्याउनुपर्ने ;
- शिक्षामा राज्यको नियन्त्रण सुदृढ बनाउनुपर्ने ;
- व्यवस्थापन समितिलाई अधिकारप्राप्त निकायका रूपमा नभई सहयोगी भूमिकाका रूपमा रूपान्तरण गर्नुपने ;
- शिक्षानीति तथा निर्णयनिर्माता र कार्यन्वयनकर्ताहरूले सामुदायिक विद्यालयहरूलाई उपयोगमा ल्याउनुपर्ने ;
- शिक्षकहरूलाई सुविधा तथा अवसरहरूबाट सम्पन्न गराई शिक्षालाई मर्यादित पेशाका रूपमा रूपान्तरण गर्नुपर्ने ।

# विषयसूची

| | | |
|---|---|---|
| | | पृष्ठ |
| सिफारिसपत्र | | क |
| स्विकृतिपत्र | | ख |
| भाषासम्पादकको मन्तव्य | | ग |
| कृतज्ञताज्ञापन | | घ |
| शोधसार | | च |
| विषयसूची | | झ |
| सङ्केत तथा चिन्ह सूची | | ण |
| अध्याय एकः परिचय | | १-९ |
| १.१ | परिचय | १ |
| १.२ | समस्याको पहिचान | ४ |
| १.३ | अध्ययनका उद्देश्यहरू | ६ |
| १.४ | अध्ययनको सार्थकता | ६ |
| १.५ | अध्ययनको सीमा | ८ |
| १.६ | शब्दावलीको परिभाषा | ८ |
| अध्याय दुई : साहित्य पुनरावलोकन | | १०-३६ |
| २.१ | साहित्यसमीक्षा | १० |
| | २.१.१ सामाजिक साँस्कृतिक परिवर्तनको कारकका रूपमा शिक्षा | १० |
| | २.१.२ शिक्षा एक अन्तर्राष्ट्रिय अभियान | ११ |
| | २.१.३ डाकार सम्मेलनले निर्धारण गरेका “सबैका लागि शिक्षा” लक्ष्यहरू | १३ |
| | २.१.४ नेपालको शैक्षिक विकासको ऐतिहासिक पृष्ठभूमि | १६ |

२.१.५ निजीकरणको दुष्प्रभाव २२

२.१.६ निजी क्षेत्र महत्त्वपूर्ण शि[illegible]ाकका रूपमा २७

२.१.७ आधारभूत शैक्षिक तथ्याङ्क २८

२.१.८ निजी स्कुलका सकारात्मक एवं नकारात्मक पक्षहरू ३१

२.१.९ निजी विद्यालयको उत्पत्ति, विकास र त्यसप्रतिको आमधारणा ३२

२.२ पूर्वअध्ययनहरूको समीक्षा ३३

२.३ अङ्ग्रेजी भाषाप्रतिको मोह ३५

अध्याय तीनः अध्ययनविधि ३७-४०

३.१ अनुसन्धानढाँचा ३७

३.२ जनसङ्ख्या र नमूना ३७

३.३ तथ्याङ्कको स्रोत र प्रकृति ३८

३.४ प्रश्नावलीसूची ३८

३.५ मुख्य सूचनादातासँग अन्तर्वार्ता ३८

३.६. समूह केन्द्रित छलफल ३९

३.७ तथ्याङ्कविश्लेषण र प्रस्तुतीकरण ३९

३.८ पूर्वपरीक्षण तथा अध्ययनअवधि ४०

अध्याय-चारः अध्ययनक्षेत्रको ऐतिहासिक, भौगोलिक, जनसँङ्ख्यिक, आर्थिक र शैक्षिक पृष्ठभूमि ४१-६१

४.१ अध्ययनक्षेत्रको ऐतिहासिक तथा भौगोलिक पृष्ठभूमि ४१

४.२ अध्ययनक्षेत्रको जनसाङ्ख्यिक पृष्ठभूमि ४४

४.२.१ जातजाति र लिङ्ग ४४

४.२.२ जातजाति र परिवार ४५

४.२.३ उमेरअनुसार वैवाहिक स्थिति ४६

४.२.४ परिवारका सदस्य र लिङ्ग ४६

४.२.५ उत्तरदाता र लिङ्ग ४७

४.२.५.१ उत्तरदाता र उमेर ४८

४.२.५.२ लिङ्ग र वैवाहिक स्थिति ४९
४.३ अध्ययनक्षेत्रको आर्थिक पृष्ठभूमि ४९
४.३.१ सदस्यहरूको पेशा र लि ञ ४९
४.३.२ सदस्यहरूको पेशा र जातीयता ५१
४.३.३ जातजाति र जमिनको वितरण ५२
४.३.४ लिङ्ग र पेशा ५२
४.३.५ जातजाति र मासिक आम्दानी ५३
४.४ अध्ययनक्षेत्रको शैक्षिक पृष्ठभूमि ५५
४.४.१ लिङ्ग र शिक्षाका आधारमा उत्तरदाता ५५
४.४.२ जातजाति र शिक्षा ५७
४.४.३ लिङ्गका आधारमा परिवारका सदस्यहरूको शिक्षा ५९

अध्याय पा“चः सामुदायिक विद्यालय र निजी विद्यालयप्रतिको जनधारणा ६२-७०
५.१ घरधुरी र विद्यालयबीचको दूरी ६२
५.२ विद्यालयको रोजाइ ६३
५.३ को कुन विद्यालयमा पढाउँछन् ? ६४
५.४ निजी विद्यालयमा पढ्न कहाँ जान्छन् ६५
५.५ सामुदायिक विद्यालयमा पढाउनुपर्ने कारण ६६
५.६ निजी विद्यालयमा पढाउनुपर्ने कारण ६७
५.७ विद्यालयको प्राथमिकता ६७
५.८ जनधारणा (उत्तरदाताको) ६८

अध्याय छः सामुदायिक विद्यालयमा भर्नासङ्ख्या घट्दै जानुको कारणको पहिचान ७१-७५
६.१ उत्तरदाताको हेराइ ७१
६.२ सामुदायिक विद्यालय र त्यसको औचित्य ७२
६.३ निजी विद्यालय र पहुँच ७२

६.४ जिम्मेवारीको पहिचान ७३

६.५ मुद्दा र बहुप्रतिक्रिया ७५



अध्याय सातः सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउन आवश्यक उपायहरूको खोजी ७६-७१

७.१ सामुदायिक विद्यालय नै किन ? ७६

७.२ सामुदायिक विद्यालय र अपेक्षित सुधार ७७

७.३ गुणस्तर र त्यसको मापदण्ड ७९

अध्याय : आठ सारांश, निष्कर्ष र सुझाउ ८१-८९

८.१ सारांश ८१

८.२ निष्कर्ष ८४

८.३ सुझाउहरू ८७

सन्दर्भग्रन्थसूची ९०

अनुसूची - १ अ

अनुसूची - २ ऊ

अनुसूची - ३ ए

## तालिकासूची


| तालिका | शीर्षक | पेज |
|---|---|---|
| १. | विद्यार्थीको भर्ना सम्बन्धमा | ३ |
| २ | नेपालको वर्तमान शैक्षिक स्थिति | २९ |
| ३. | आधारभूत शैक्षिक तथ्याङ्क | २९ |
| ४. | कास्की जिल्लाको शैक्षिक अवस्था ०६१/०६२ | ३० |
| ५. | कास्की जिल्लाको सङ्क्षिप्त शैक्षिक विवरण ०६१/०६२ | ३० |
| ६. | लिङ्गका आधारमा जातजातिको विवरण | ४४ |
| ७. | जातीयताका आधारमा परिवारको प्रकार | ४५ |
| ८. | उमेर, समूहअनुसार ६१ परिवारका सदस्यहरूको वैवाहिक स्थिति | ४६ |
| ९. | लिङ्गका आधारमा परिवारका सदस्यहरूको उमेर | ४७ |
| १० | लिङ्गअनुसार उत्तरदाताको विवरण | ४८ |
| ११ | उमेरअनुसार उत्तरदाता | ४८ |
| १२. | परिवारका सदस्यहरूको लिङ्गका आधारमा वैवाहिक स्थिति | ४९ |
| १३. | लिङ्गका आधारमा परिवारका सदस्यहरूको पेशा | ५० |
| १४. | जातजातिगत आधारमा उत्तरदाताको पेशा | ५१ |
| १५. | जातजातीयताका आधारमा जग्गा जमिनको वितरण | ५२ |
| १६. | लिङ्गका आधारमा उत्तरदाताको पेशा | ५३ |
| १७. | जातजातिका मासिक औसत आम्दानी | ५४ |
| १८ | लिङ्गका आधारमा उत्तरदाताको शिक्षा | ५६ |
| १९. | जातजातिका आधारमा उत्तरदाताको शिक्षा | ५८ |
| २०. | लिङ्गका आधारमा उत्तरदाताको परिवारका सदस्यहरूको शिक्षा | ६० |
| २१. | सामुदायिक तथा निजी विद्यालयमा पुग्न लाग्ने समय | ६२ |
| २२. | कुन विद्यालयमा छोराछोरीहरू पढाउनुहुन्छ | ६३ |
| २३. | को, कुन विद्यालयमा पढाउँछन् ? (जातिअनुसार) | ६४ |
| २४. | निजी विद्यालयमा पढ्न कहाँ जान्छन् | ६५ |

| | | |
|---|---|---|
| २५. | सामुदायिक विद्यालयमा पढाउनुपर्नाको कारण | ६६ |
| २६. | उत्तरदाताहरूले बालबच्चा निजी विद्यालयमा पढ्न किन पठाउँछन् ? | ६७ |
| २७. | उत्तरदाताहरूले पढाउन चाहेको विद्यालय | ६८ |
| २८ | उत्तरदाताहरूको जनधारणा | ६९ |
| २९ | सामुदायिक विद्यालयमा सङ्ख्या घट्दै गएको दृश्यप्रति उत्तरदाता अभिभावकको हेराइ | ७१ |
| ३०. | सामुदायिक विद्यालयको औचित्य र आवश्यकताप्रति उत्तरदाताको प्रतिक्रिया | ७२ |
| ३१. | निजी स्कुलको पहुँच सम्बन्धमा उत्तरदाताको प्रतिक्रिया | ७३ |
| ३२. | सामुदायिक विद्यालयको गुज्रँदो अवस्था आउनामा जिम्मेवार को छ ? | ७४ |
| ३३ | अलग-अलग मुद्दा र प्रतिक्रिया | ७५ |
| ३४. | सा.वि.को प्रभावकारिताःउत्तरदाताका दृष्टिमा | ७६ |
| ३५. | उत्तरदाताकाअनुसार, सामुदायिक विद्यालयमा गर्नुपर्ने सुधारहरू | ७८ |
| ३६. | सामुदायिक विद्यालयमा निजी विद्यालयको गुणस्तर, दिलाउन चाल्नुपर्ने कदम | ८० |

# सङ्केत तथा चिन्हसूची

यस शोधपत्रमा निम्न लिखित चिन्ह र सङ्क्षिप्त रुपको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| चिन्ह | | अर्थ |
|---|---|---|
| / | | विकल्प रूप |
| – | | निर्देशक चिन्ह |
| ( ) | | गौण सङ्केत |
| ..... | | केही अंश छोडिएको |
| सङ्क्षिप्त रूप | | पूर्णरूप |
| डकाउ | = | डिसेन्ट्रलाइज लोकल सेल्फगभर्नेन्स सपोर्ट पोग्राम र विकेन्द्रित स्थानीय स्वयात्त शासन सहयोग कार्यक्रम |
| पि.डी.डी.पी | = | पार्टीसिपेट्री डिष्ट्रिक डेभलप्मेन्ट प्रोग्राम |
| सा.वि. | = | सामुदायिक विद्यालय |
| प्रा.वि. | = | प्राथमिक विद्यालय |
| नि.मा.वि. | = | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | = | माध्यमिक विद्यालय |
| गा.वि.स | = | गाउँ विकास समिति |
| जि.वि.स. | = | जिल्ला विकास समिति |
| पो.उ.म.न.पा | = | पोखरा उपमहानगरपालिका |
| प्र.अ. | = | प्रधानअध्यापक |
| एस्.पी.एस्. एस् | = | स्ट्याटिस्टिकल प्याकेज फर सोसियल साइन्सेस |
| रा.ज.ग. | = | राष्ट्रिय जनगणना |
| जि.शि.का. | = | जिल्ला शिक्षा कार्यालय |
| व. कि. मि | = | वर्ग किलोमिटर |
| मि.मि. | = | मिलि मिटर |